**नेपाल सरकार**

# जल तथा मौसम विज्ञान विभाग

## बाढी भविष्यबाणी शाखा

२० अगष्ट २०१५ समयः बेलुकी ९ बजे

## बाढी बुलेटिनः ४

## विशेष बाढी सूचना

जल तथा मौसम विज्ञान विभाग अन्तर्गत मौसम पूर्वानुमान महाशाखाको मौसम भविष्यबाणी साथै हालको विभिन्न भु-उपग्रह तस्विरहरुको आधारमा गरिएको वैज्ञानिक विश्लेषणका आधारमा बिशेषगरी बागमती र पूर्व राप्ती साथै चुरे पर्वत बाट शुरु हुने खोलाहरु, कन्काइ, सप्तकोसी, कमला, र नारायणी नदी जलाधारका अन्य नदी प्रणालीमा समेत रातभर भारी बर्षाको सम्भावना देखिएकाले भुकम्पबाट प्रभावित दोलखा देखी पोखरा सम्मकै पहाडी कमजोर भुभागमा पहिरो तथा उल्लेखित नदी प्रणालीका वेसी तथा तराईका भुभागमा डेब्रिज बहाब र बाढीले चेतावनी तथा खतराको तह पार गर्न सक्ने सम्भावना देखिएकोले **आज बेलुकी ९ बजे देखी भोली बेलुकी सम्मको समय** अर्को सूचना जारी नभएसम्म सम्बन्धित क्षेत्रका आम-जनसमुदाय तथा संबन्धित सरोकारवाला सवैमा ऊच्च सतर्कता अपनाउनुहुन यस विशेष बुलेटिन जारी गरिएको छ।

साथै देशैभर तत्कालको वर्षा तथा विभिन्न नदीहरुको जलसतहको अवस्थाबारे जानकारी लिन बिभागको वेभसाइट www.hydrology.gov.np को प्रयोग गर्नुहुन अथवा **टोल फ्री नम्वर ११५५ मा डायल गरी २४ सै घण्टा निःशुल्क सेवा लिनु हुन समेत सवैमा विशेष अनुरोध गरिन्छ।**